# धनगढी उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०७९/८०
च.नं. :- ३४

मिति :- २०७९/०५/०५

**विषय : प्रथम त्रैमासिक माग फाराम पेश गर्ने बारे।**

श्री सामुदायिक विद्यालयहरु सबै
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी/करार शिक्षक, राहत शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (शिक्षक), विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुको आ.व.२०७९।८० को प्रथम त्रैमासिक (साउन, भदौ र असोज) अवधिको तलबभत्ता तथा पारिश्रमिक र चाडपर्व खर्च भुक्तानीका लागि सम्बन्धित विद्यालय हेर्ने शाखा/शिक्षा अधिकृत मार्फत रुजु गराई मिति २०७९ भाद्र २० गते भित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा देहाय बमोजिम माग फाराम तयार गरी पेश गर्नु हुन जानकारीका लागि अनुरोध छ।

०६।५ राम लाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१. माग फाराम धनगढी शैक्षिक सूचना २०७९ को पृष्ठ नं. १९७ मा उल्लेखित शिक्षकको तलबी माग फारामको ढाँचामा माध्यमिक शिक्षक, आधारभूत शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (शिक्षक) र विद्यालय कर्मचारी तथा सहयोगीको अलग अलग तयार गरी पठाउनु पर्नेछ।
२. स्थायी, अस्थायी, राहत, करार शिक्षकहरुको तलबमान र सुविधा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको प.सं. २०७९।८० च.नं. ५७ मिति २०७९।०४।३० को नयाँ तलबमान र सुविधा सम्बन्धी पत्रको अनुसूची ७ बमोजिम तयार गरेको हुनु पर्नेछ।
३. शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको हकमा माध्यमिक तहका लागि मासिक रु. ३७,९९०।– र आधारभूत तहका लागि मासिक रु. ३०,२००।– का दरले साउन, भद्रौ र असोज ३ महिनाको हुन आउने रकम माग गरेको हुनु पर्नेछ। साथै शिक्षा, युवा तथा खेलकुद महाशाखाको पत्र संख्या २०७९।८० च.नं. ५३२ मिति २०७९।०४।२२ बमोजिम माग गरिएका कागजात सहितको फाइल समेत पेश गर्नु पर्नेछ।
४. बालविकास सहजकर्ता (शिक्षक), विद्यालय कर्मचारी र विद्यालय सहयोगीको पारिश्रमिक देहायको दरमा माग गर्नु पर्नेछ।

| पद | ससर्त अनुदान | नगरपालिका थप अनुदान | मासिक जम्मा |
|---|---|---|---|
| बालविकास सहजकर्ता (शिक्षक) | १०,०००।- | ७,०००।- | १७,०००।- |
| विद्यालय कर्मचारी | १३,५००।- | ७,०००।- | २०,५००।- |
| विद्यालय सहयोगी | ८,०००।- | ७,०००।- | १५,०००।- |

५. माग फारामसाथ आ.व.२०७८।७९ को तेस्रो त्रैमासिक अवधिको तलबभत्ता तथा पारिश्रमिक भुक्तानी सम्बन्धी विवरणहरु (शिक्षक/कर्मचारीहरुको पेश गर्न बाँकी अवधिको प्रमाणित हाजिरी, शिक्षक/कर्मचारीको बैंक खातामा रकम जम्मा गरिएको व्यहोरा खुलेको बैंकबाट प्रमाणित पत्र, सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, आयकर कट्टी भएको विवरण) संलग्न गरेको हुनु पर्नेछ।
६. यस सम्बन्धी थप जानकारी बुझ्नु परेमा सम्बन्धित विद्यालय हेर्ने शाखा/शिक्षा अधिकृत र शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्राविधिक सहायक श्री ज्ञानु गिरीबाट बुझ्न सकिनेछ।

**बोधार्थ :**

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : कार्यालयको वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
प्रा.स. श्री ज्ञानु गिरी : पेश तथा रुजु भएका माग फाराम बमोजिम निकासा विवरण तयार गरी पेश गर्नु हुन।